मिति : २०७४ साल माघ २२ गते
समय : दिनको १.०० बजे
स्थान : धनकुटा नगर कार्यपालिकाको कार्यालय

बैठक : धनकुटा नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७४ को नियम १० बमोजिम नगर कार्यपालिकाको नवौं बैठक

अध्यक्षता : प्रमुख श्री चिन्तन तामाङ्ग दस्तखत

उपस्थिति विवरण :

| क.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | उपप्रमुख | श्री शकुन्तला बस्नेत | दस्तखत |
| २ | वडाध्यक्ष | श्री निरेन तामाङ्ग | दस्तखत |
| ३ | वडाध्यक्ष | श्री चन्द्रलाल तामाङ्ग | दस्तखत |
| ४ | वडाध्यक्ष | श्री विकास घिमिरे | दस्तखत |
| ५ | वडाध्यक्ष | श्री जम्सेर राई | दस्तखत |
| ६ | वडाध्यक्ष | श्री धनकुमार राई आठपहरिया | दस्तखत |
| ७ | वडाध्यक्ष | श्री नरेश श्रेष्ठ | दस्तखत |
| ८ | वडाध्यक्ष | श्री जंगबहादुर राई | दस्तखत |
| ९ | वडाध्यक्ष | श्री सुमन राई | दस्तखत |
| १० | वडाध्यक्ष | श्री मनोज राय | दस्तखत |
| ११ | वडाध्यक्ष | श्री कमल बहादुर कार्की | दस्तखत |
| १२ | कार्यपालिका सदस्य | श्री जहानश्वरी राई | दस्तखत |
| १३ | कार्यपालिका सदस्य | श्री कल्पना राई | दस्तखत |
| १४ | कार्यपालिका सदस्य | श्री रमा बराल | अनुपस्थित |
| १५ | कार्यपालिका सदस्य | श्री सुलोचना बसेल | दस्तखत |
| १६ | कार्यपालिका सदस्य | श्री कल्पना थापा | दस्तखत |
| १७ | कार्यपालिका सदस्य | श्री मदन बसेल | दस्तखत |
| १८ | कार्यपालिका सदस्य | श्री सूर्य राई | दस्तखत |
| १९ | कार्यपालिका सदस्य | श्री सर्मिता राई | दस्तखत |
| २० | सचिव | श्री टीकादत्त राई | दस्तखत |

छलफलका विषयहरु:

१. जस्तापाता वितरण समिति गठन सम्बन्धमा ।
२. जस्तापाता वितरणको लागि लाभग्राही संकलन तथा सिफारिस समिति गठन सम्बन्धमा ।
३. सेवा करारमा कर्मचारी छनौट समिति गठन सम्बन्धमा ।
४. जीवन र कार्य सम्पादनका लागि रुपान्तरणका प्रविधिहरु विषयक प्रशिक्षण कार्यक्रम सम्बन्धमा ।
५. कृषि तथा पशु विकास कार्यक्रम संचालन निर्देशिका स्वीकृत सम्बन्धमा ।
६. व्यक्तिगत घटना दर्ता प्रोत्सहान कार्यक्रम सम्बन्धमा ।
७. विभिन्न प्रस्ताव स्वीकृत तथा अनुमोदन सम्बन्धमा ।
८. कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
९. विविध

निर्णय नं. १

धनकुटा नगर कार्यपालिकाको स्वीकृत पूँजिगत बजेट तर्फ क.स. ४.५६ ब.सि.नं. २०६० अति गरिव लक्षीत आवास सहयोग साझेदारी कार्यक्रम अनुसार जस्ता वितरण गर्न तपसिल बमोजिमको जस्ता वितरण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

१. संयोजक श्री चिन्तन तामाङ्ग
२. सहसंयोजक श्री शकुन्तला बस्नेत
३. सदस्य श्री टीकदत्त राई
४. सदस्य श्री सम्बन्धीत वडाको वडाध्यक्ष
५. सदस्य सचिव श्री मिङमा दोर्जी शेर्पा

निर्णय नं. २

नगर क्षेत्रका आठपहरिया, दलित तथा विपन्न समुदायका अति गरिब परिवारको पहिचान गरी खरको छानाको सट्टा जस्ताको छाना निर्माणका लागि आवास सहुलियत साझेदारी कार्यक्रम संचालन गर्न जस्ता पाता वितरणको लागि लाभग्राही संकलन समिति तपसिल बमोजिम गठन गर्ने निर्णय गरियो ।

तपसिल :

१. संयोजक श्री सूर्य आठपहरिया
२. सदस्य श्री पूर्णश्वरी राई
३. सदस्य श्री सीता श्रेष्ठ
४. सदस्य श्री विकास अधिकारी
५. सदस्य सचिव श्री प्राविधिक शाखाले तोकेको प्रतिनिधि

उक्त समितिले आफनो कार्यविधि तयार गरी कार्यपालिकाको कार्यालयबाट स्वीकृत गराई वडा समितिको समन्वयमा तथ्याङ्कन संकलन गर्नेछ ।

निर्णय नं. ३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसारको नगर प्रहरी सेवा व्यवस्थापन गर्न, कार्यालयको आन्तरिक सुरक्षा प्रबन्ध मिलाउन र दमकल सेवालाई चौविसै घण्टा चुस्त रुपमा सेवा व्यवस्थापन गर्न कार्यालयको स्वीकृत दरबन्दी अनुसार रिक्त रहेका दमकल अपरेटर र नगर प्रहरी दरबन्दीमा करार सेवामा कर्मचारी छनौट गर्न तपसिल बमोजिमको कर्मचारी छनौट समिति गठन गरियो ।

तपसिल :

१. संयोजक : प्रमुख प्रशासकीय अधिकृत
२. सदस्य : इन्जिनियर
३. सदस्य सचिव : प्रशासकीय अधिकृत

साथै उक्त समितिले छनौट सम्बन्धी कार्यविधि प्रचलित कानून बमोजिम तयार गरी नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत गरी कार्यान्वयन गर्नेछ । सेवा करारमा छनौट हुने कर्मचारीहरुलाई पद अनुसारको न्यूनतम सेवा सुविधा उपलब्ध गराईनेछ ।

निर्णय नं. ४

लोकतान्त्रिक संविधान अनुसार बनेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय सरकारको सेवा प्रवाहमा जनप्रतिनिधि र कर्मचारीहरु सामुहिक रुपमा उत्तरदायी भई जनमुखी कार्य सम्पादनको लागि आवश्यक सीप र कलाको विकास गरी कार्य क्षमतामा सुधार गर्न अन्तराष्ट्रियस्तरका विशिष्ट सहजकर्ता नर बहादुर कार्कीको बिशेष सहजीकरणमा धनकुटा नगर कार्यपालिका परिवार, कार्यालयका शाखा प्रमुखहरु र वडासचिवहरुको सहभागितामा मिति २०७४ साल माघ २६ र २७ गते धनकुटा नगरपालिका वडा नं. १ स्थित होराईजन माउण्टेन रिसोर्ट हिलेमा सञ्चालन हुने गरी कार्यालयबाट पेश भएको **धनकुटा नगर कार्यपालिकाका जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई जीवन र कार्यसम्पादनका लागि रुपान्तरणका प्रविधिहरु विषयक प्रशिक्षण कार्यक्रम** संचालन व्यवस्थापन खर्चको विवरण सहितको प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

धनकुटा नगर क्षेत्रमा कृषि तथा पशु विकास कार्यक्रमहरु सञ्चालनको लागि लाभान्वित समुह पहिचान तथा कार्यक्रम प्राथमिकीकरण गर्न मूल्याङ्कन एवम् कार्यक्रम कार्यान्वयनमा सहजताको लागि धनकुटा नगर कार्यपालिकाको कार्यालयले तयार गरी पेश गरेको धनकुटा नगर कार्यपालिका कृषि तथा पशु विकास कार्यक्रम संचालन कार्यविधि, २०७४ र प्रस्तावित कार्यक्रम स्वीकृत गरी उक्त कार्यविधि अनुसारको कार्य सम्पादन गर्न तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

१. संयोजक श्री टीकादत्त राई (प्रमुख प्रशासकीय अधिकृत)
२. सदस्य श्री चन्द्रलाल तामाङ ( वडाध्यक्ष)
३. सदस्य श्री सूर्य प्रसाद सापकोटा (बाली संरक्षण अधिकृत)
४. सदस्य सचिव श्री डम्बर रोगु (प्रशासकीय अधिकृत)

निर्णय नं. ६

धनकुटा नगर क्षेत्रमा मिति २०७४ साल मंसिर १ गते देखि अनलाईन व्यक्तिगत घटना दर्ता प्रणाली थालनी गरिएकाले सोही मिति देखि ३५ दिन भित्र घटना दर्ता गर्ने सूचकलाई प्रति घटना दर्ता रु. १००।- को दरले प्रोत्सहान रकम उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७

धनकुटा नगर कार्यपालिकामा विभिन्न मितिमा पेश भएका योजना माग तथा कार्यक्रम प्रस्तावहरुलाई श्रीमान् प्रमुखज्यूको तोकादेशबाट सम्झौता भई संचालन भएको योजना तथा कार्यक्रममा भएको तपसिल बमोजिमको बजेट खर्चलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.स. | संस्था वा कार्यालयको नाम र ठेगाना | योजना तथा कार्यक्रम प्रस्तावको विवरण | माग भएको रकम | स्वीकृत रकम |
|---|---|---|---|---|
| १ | कागते दुग्ध उत्पादक सहकारी संस्था, ध.न.पा. ३ | दुग्ध सहकारी भवन मर्मत | २,००,०००।०० | २,००,०००।०० |
| २ | देउराली तामाङ टो.ब.सं. भवन निर्माण समिति, ध.न.पा. ३ | देउराली कृषी सहकारी संस्था लि. भवन निर्माण | ५,००,०००।०० | ५,००,०००।०० |
| ३ | शिखर रिङरोड उपभोक्ता समिति, ध.न.पा. १ | टेवा पर्खाल लगाउने तथा सडक ढलान गर्ने कार्य | ५,००,०००।०० | ५,००,०००।०० |
| ४ | राना तिनतले टो.ब.सं., ध.न.पा. १ | ग्यावियन वाल तथा सोलिङ | २,००,०००।०० | २,००,०००।०० |
| ५ | वडा कार्यालय, वडा नं. २ | वडा कार्यालय तारवार तथा भवन मर्मत | ३,१०,६०२।७० | ३,१०,६०२।७० |
| ६ | खुरिल्ला नागरिक सचेतना केन्द्र, ध.न.पा. ९ | तरकारी संकलन केन्द्रमा गारो लगाउने कार्य | २,००,०००।०० | २,००,०००।०० |
| ७ | फोहोर राख्ने ट्याङकी निर्माण, ध.न.पा. ९, मुलघाट | फोहोर राख्ने ट्याङकी निर्माण | ९५,२१९।०४ | ९५,२१९।०४ |
| ८ | देव्रेबास समाज सुधार भवन उ.स., ध.न.पा. ४ | देव्रेबास समाज सुधार भवन निर्माण कार्य | १,२०,०००।०० | १,२०,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| ९ | बडहरे फुजुलुक सडक निर्माण उ.स., ध.न.पा. ५ | बडहरे फुजुलुक सडक निर्माण कार्य | ३,००,०००।०० | ३,००,०००।०० |
| १० | त्रिवेणी याक्चाना सडक उ.स., ध.न.पा. ८ | त्रिवेणी याक्चाना सडक निर्माण कार्य | १,३८,४२५।०० | १,३८,४२५।०० |
| ११ | याक्सा प्रधान टोल खा.पा. उ.स., ध.न.पा. १० | खानेपानी पाइप खरिद | २,००,०००।०० | २,००,०००।०० |
| १२ | डुम्रे सान्ने टो.ब.सं., ध.न.पा. १० | सडक मर्मत | ७३,४२३।७५ | ७३,४२३।७५ |
| १३ | डुम्रे सान्ने टो.ब.सं.,ध.न.पा. १० | शिव पन्चायन मंदिर मर्मत | २६,९८८।६० | २६,९८८।६० |
| १४ | सुकुम्बासी टोल उ.स., ध.न.पा. ६ | सल्लेरी बरबोटे सडक अन्तर्गत सुकुम्बासी टोल पहुंच सडक निर्माण | १,००,०००।०० | १,००,०००।०० |
| १५ | जिरोप्वाइन्ट ग्यावियन वाल निर्माण उ.स., ध.न.पा. ६ | जिरोप्वाइन्ट ग्यावियन वाल निर्माण | ३,००,०००।०० | ३,००,०००।०० |
| १६ | क्याम्पस गेट ल्याण्डफिल साइट पहुंच मार्ग उ.स., ध.न.पा. ६ | क्याम्पस गेट ल्याण्डफिल साइट पहुंच मार्ग स्तरोन्नती | ४,००,०००।०० | ४,००,०००।०० |
| १७ | रमाइलो घुम्ती विधुत पोल तथा तार व्यवस्थापन समिति, ध.न.पा. ७ | रमाइलो घुम्ती विधुत पोल तथा तार व्यवस्थापन कार्य | ८२,,०००।०० | ८२,,०००।०० |

निर्णय नं. ८
धनकुटा नगर कार्यपालिकाको कार्यालयबाट पेश भए अनुसार यस कार्यालयमा कार्यरत अस्थायी, करार र सेवा करारमा रहेका कर्मचारीहरुको म्याद २०७४ पौष मसान्त देखि २०७५ असार मसान्त सम्मको लागि थप गर्ने एवम् सम्झौता नविकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ९
धनकुटा नगर कार्यपालिकाको कार्यालयमा कार्यरत अधिकृतस्तर तथा शाखा प्रमुख कर्मचारीहरुलाई विगत देखि कार्यालयले उपलव्ध गराउँदै आएको संचार खर्च २०७४ साल श्रावण महिना देखिनै उपलव्ध हुने गरी कार्यालयबाट पेश भए अनुसार यस कार्यालयमा कार्यरत अकृितस्तरका कर्मचारीहरु एवम् शाखा प्रमुखको जिम्मेवारी सम्पादन गरेका कर्मचारीहरुलाई शाखा प्रमुख भई कार्य जिम्मेवारी सम्पादन गरुन्जेल सम्मका लागि मासिक रुपमा रु. १५००।- (एक हजार पाँच सय) को दरले संचार खर्च र स्वीकृत दरबन्दीमा करार सेवामा रहेका कर्मचारीहरुलाई महंगीभत्ता मासिक रु. १०००।- बापतको सुविधा रकम उपलव्ध गराउने निर्णय गरियो ।

निणर्य नं. १०
शिक्षा ऐन, २०२८ (संसोधनसहित) को दफा ११ बमोजिम गठन हुने धनकुटा नगर शिक्षा समितिमा तपसिलका व्यक्तिहरुलाई मनोनित गर्ने निर्णय गरियो ।

तपसिल :
१. ऐनको दफा ११ ट (१) को खण्ड (ख) बमोजिम नगरपालिकाका सदस्यहरु मध्येबाट वडाध्यक्ष श्री जम्सेर राई

२. ऐनको दफा ११ ट (१) को खण्ड (ङ) बमोजिम नगरपालिका क्षेत्रभित्र रहेको सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट श्री चेतनाथ वाग्ले

निर्णय नं. ११
धनकुटा नगरपालिका सामाजिक परिचालन कार्यक्रम निरन्तरता दिन तयार गरिएको कार्यक्रम प्रस्ताव २०७४ लाई स्वीकृत गरियो ।

निर्णय नं. १२
धनकुटा नगरपालिकाको चालु आर्थिक बर्षको लागि स्वीकृत पूँजिगत कार्यक्रम तर्फ विभिन्न कार्यक्रमको लागि स्वीकृत बजेट तथा कार्यक्रममा हेरफेर तथा परिमार्जनको पेश भएको बजेट परिमार्जन तथा संशोधित शिर्षक कायम सम्बन्धी प्रस्ताव हाललाई स्वीकृत गरी आगामी नगर सभामा अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३
धनकुटा नगर कार्यपालिकाको कार्यालय अन्तरगत नगर सरसफाई सेवामा कार्यरत सरसफाईकमी भविमाया पोखेलको पाठेघरमा समस्या भई कोशी अञ्चल अस्पतालमा अपरेसन गरी उपचारत रहेकोले निजलाई उपचार सहयोगको लागि आर्थिक सहायता शिर्षक बाट रु. ३०,०००।- (तीस हजार) रकम चालुतर्फ आर्थिक सहायता शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४
धनकुटा नगरपालिका वडा नं. १ हिले स्थित रत्नषडेश्वर मन्दिरमा बहुउद्धेश्यीय सामुदायिक भवन निर्माणधिन रहेकाले उक्त भवन निर्माणको लागि तयार भएको प्रस्तावित लागत मध्ये धनकुटा नगरपालिकाबाट साझेदारीबापत प्राविधिक लागत इष्टिमेट अनुसार रु. १५,००,०००।- (पन्ध लाख) बजेट उपलव्ध गराउने निर्णय सहित आजको बैठक समापन गरियो ।